# श्री जन जागृति सामुदायिक वन उपभोक्ता समूह

चुरे गा.पा.-३, कैलाली

## काठ लिलाम विक्री सम्बन्धी विस्तृत विवरण सहितको सूचना

जनसवाल राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मितिः २०८१/०१/१९

उपरोक्त विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको निर्णय तथा सव डिभिजन वन कार्यालय चुरे-३, सहजपुर, कैलालीको च.नं. १३२ मिति २०८१/०१/११ को पत्र अनुसार सिफारिस भई डिभिजन वन कार्यालय कैलालीको च.नं. २६६७ मिति २०८१/०१/१७ गतेको लिलाम सहमति बमोजिम संकलन गरी घाटगद्दी भई सल्लो जातको गोलिया थान २८७ को ३३५७.२८ क्यू.फिट र दाउरा चट्टा ६ लिलाम प्रक्रियाद्वारा विक्री वितरण गर्नको लागि घाटगद्दीमा मौज्दात रहेको काठ घरायसी प्रयोजनका लागि सूचना प्रकाशित गर्दा कहि कतैबाट माग भई नआएकोले तपसिल बमोजिमको लट कायम गरी जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा शिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्री गर्नु परेको हुँदा डि.व.का.मा सुचिकृत भएका स:मिल (मूल्य अभिबृद्धि करमा दर्ता भएका) ले मात्र निम्न शर्तको अधिनमा रही यो सम्बन्धित सूचना जनसवाल राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयबाट बोलपत्र खरीद गरी २२ औं दिनको ३:०० बजेभित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलबन्दी बोलपत्र दाखिल गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

| सि.नं. | लट नं. आ.व. | घाटगद्दी स्थान | जात | ग्रेड | थान | परिमाण (क्यू.फिट) | न्यूनतम मूल्य (प्रति क्यू.फिट) | लागत खर्च (प्रति क्यू.फिट) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ / २०८०/०८१ | सा.व.उ.स. कम्पाउण्ड | सल्लो | A | १४ | ३४९।०४ | ३५०।०० | १८०।०० | धाङ नं. ५ र ३ |
| | | | | B | १४० | १२९९।८८ | २५०।०० | | |
| | | | | जम्मा | १५४ | १६४८।९२ | | | |
| २ | २ / २०८०/०८१ | सा.व.उ.स. कम्पाउण्ड | सल्लो | A | २१ | ४०५।७९ | ३५०।०० | १८०।०० | धाङ नं. १, २, ४ र ६ |
| | | | | B | ११२ | १३०२।५७ | २५०।०० | | |
| | | | | जम्मा | १३३ | १७०८।३६ | | | |
| ३ | ३ / २०८०/०८१ | सा.व.उ.स. कम्पाउण्ड | सल्लो दाउरा | जम्मा | ६ चट्टा | | ४०००।०० | १५०००।०० | |

### शर्तहरु

१. यो सम्बन्धित सुचना श्री जनसवाल दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित मितिले २१ दिन भित्रमा मु.ब.कर दर्ता भएको काठ व्यवासायि फर्मले रु. १०००/- (फिर्ता नहुने गरी) तिरी यस स.ब.को कार्यालयबाट बोलपत्र फर्म खरिद गर्न सकिने छ ।

२. आफुले सकार गरेको अंकको १० प्रतिशतले हुने धरौटी बापतको रकम स.ब.उ.स.को नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, धनगढी शाखामा रहेको चल्ती हिसाब नं. ४१७०१००००४७८२००१ मा जम्मा गरेको सक्कल भौचर वा नगद वा बैंक ड्राफ्ट तथा मु.अ. करमा दर्ता भएको प्रमाण पत्र काठ व्यवसायिको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी समेत बोलपत्र साथ संग्लन गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्ने छ ।

३. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने अन्तिम दिन विदा परेमा क्रमशः कार्यालय खोल्ने दिनमा उपरोक्त समय नै बोलपत्र खोल्ने विक्री, दर्ता खोल्ने कार्य हुने छ ।

४. बोलपत्र दर्ताले बोलपत्रमा आफ्नो नाम, ठेगाना लेखि दस्तखत गरी फर्म वा संघ संस्थाको छाप समेत लगाई खाममा राखि शिलबन्दी गरी खामको बाँया तर्फ आफ्नो नाम लेखि फर्म वा संस्थाको छाप लगाई दायाँ तर्फ बोलपत्र पेश हुने कार्यालयको नाम विषय र लट नं. उल्लेख गरी बोलपत्र पेश गर्नु पर्ने छ ।

५. बोलपत्र पेश गर्दा आफुले सकार गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख हुने पर्ने छ । अंक र

६. शिलबन्दी बोलपत्रहरुमा सुचना प्रकाशित भएका मितिको २२ दिनको ३:०० बजे भित्रमा स.ब.उ.स.को कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ ।

७. निर्धारित म्याद भित्र रित पूर्वक दर्ता हुन आएका बोलपत्र सुचना प्रकाशित भएको मितिले २३ दिनको ११:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधी नभएमा पनि नियममा अनुसार खोल्ने छ ।

८. पर्न आएको बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समूहको कार्य समितिमा निहीत रहने छ । म्याद नाघि आएको वा शर्त राखेको र रित नपुगेको बोलपत्र उपर कुनै कारर्वाही हुने छैन ।

९. बोलपत्र स्विकृत भएको सुचना बोलपत्र खोलिएको मितिले बढिमा ७ दिन भित्र यस स.ब.उ.स.को कार्यालयको सुचना पाटीमा टाँस गरिने छ । यो सुचना टाँसभएको मितिले १५ दिन भित्र सम्बन्धित सकारकर्ताले सकार रकम जम्मा गर्नु पर्ने छ । तोकिएको म्याद भित्र रकम जम्मा नगरिएमा उक्त लटको लागि राखिएको धरौटी नियममा अनुसार जफत गरी १०% भित्र परेका क्रमश:दोस्रो, तेस्रो र चौथो लाई रकम दाखिला गर्न सुचना प्रकाशित गरिने छ । सोको जानकारी सकार कर्ता स्वयंमले दिनु पर्ने छ ।

१०. बोलपत्र दाताले काठ हेर्न चाहेमा उपभोक्ता समूहको घाटगद्दीमा हेर्न सकिने छ ।

११. बोलपत्र दाताले सकार गरेको सकार रकमको अतिरिक्त नियममा अनुसार लाग्ने मु.अ. कर संकलन खर्च तथा वन विकास कोषको रकम समेत थप दाखिला गर्नु पर्ने छ ।

१२. अन्य जानकारीका लागि कार्यालय समयमा यस स.ब.उ.को कार्यालयमा तथा डिभिजन वन कार्यालय कैलालीमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत् २०८१ वैशाख महिना १९ गते रोज ४ शुभम् ।